Email: info@shuklaphantamun.gov
ito.shuklaphantamun@gmail.
Web: www.shuklaphantamun.gov.
Tel: +977-99-540010

# शुक्लाफाँटा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
झलारी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. २०७६/०७७
च.नं. ११२

मितिः२०७७।०४।१५

विषयः सामाजिक सुरक्षा भत्ता सम्वन्धमा।

श्री वडा कार्यालय सबै
शुक्लाफाँटा नगरपालिका झलारी, कंचनपुर

प्रस्तुत विषय सम्वन्धमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको प.सं. ०७७/०७८ च.नं.१३१ मिति २०७७/०४/१२ को प्राप्त पत्र संलग्न छ। विस्तृत व्यहोरा पत्रवाट अवगत गरी सोही अनुसार गर्न गराउनहुन अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
(सामाजिक सुरक्षा शाखा)

टेलिफोनः ४२००६५१, ४२६४६८।
४२६२०५६, ४२००८९५
फ्याक्सः ४२०००१४

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्याः- ०७७/७८
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ९३१

मिति २०७७/४/१२

विषयः सामाजिक सुरक्षा भत्ता सम्बन्धमा।

श्री स्थानीय तह सबै।

प्रस्तुत विषयमा असम्वन्धित व्यक्तिलाई भर्पाईमा सहीछाप गराई सामाजिक सुरक्षा भत्ता वितरण गरेको, व्यक्तिगत घटना दर्ता नभएकै कारण मृत्यु भइसकेका तथा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य नभएका व्यक्तिका नाममा समेत भत्ता वितरण भएको, व्यक्तिगत घटना दर्ता तथा लगत कट्टा गर्ने काम नियमित नभएको जानकारी प्राप्त हुन आएकोले सामाजिक सुरक्षा भत्ता वितरणमा अनियमितता हुन नदिन, कार्यालयको कार्यसुस्तताको कारण अन्य व्यक्तिले त्यसको फाइदा उठाउन नदिन देहाय बमोजिम गर्न गराउन तहाँबाट देशभरका स्थानीय तहलाई पत्राचार हुन भनी गृह मन्त्रालयको च.नं.१५४ मिति २०७७/०४/०८ बाट लेखी आएको हुँदा तपसिल बमोजिका कार्यहरू तुरन्त गर्नु गराउनुहुन आदेशानुसर अनुरोध छ।

तपसिलः

१. जन्म, मृत्यु, विवाह, वसाइसराई, सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटना समयमानै दर्ता गर्ने गराउने सम्बन्धमा जनप्रतिनिधि तथा कर्मचारीले सक्रिय भूमिका निर्वाह गर्ने, सो सम्बन्धमा स्थानीय तहबाट आवश्यक जानकारी, सूचना तथा प्रचार प्रसार गर्ने।

२. सामाजिक सुरक्षा भत्ता वितरण गर्दा वैङ्किग सुविधा पुगेका स्थानीय तहबाट अनिवार्य रूपमा लाभग्राहीहरूको नाममा वैंक खाता खोलि वैंक खाता मार्फत रकम भुक्तानी गर्ने व्यवस्था मिलाउने।

३. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्ति बाहेक अन्य असम्वन्धित व्यक्तिलाई रकम भुक्तानी नगर्ने। बैक खातामा पहुँच पुग्न नसक्ने र स्वयं उपस्थित हुन नसक्ने वर्गका अशक्त र अपाङ्ग वर्गका व्यक्तिहरूकालागि सम्बन्धित व्यक्तिले प्राप्त भत्ता प्राप्त गर्ने सुनिश्चितता गर्ने।

४. सामाजिक सुरक्षा भत्ता वितरण गर्नुभन्दा अगाडि लाभग्राहीको विवरण विभागको एम.आइ.एस. प्रणालीमा अनिवार्य रूपमा प्रविष्टि गर्ने। विवरण प्रविष्टि नगरी भत्ता वितरण गरेमा त्यसरी वितरण गरेको रकम वेरुजु हुनेछ।

५. लगत कट्टा गर्नुपर्ने देखिएका विवरणहरू कट्टा गरी लगत अध्यावधिक गर्ने।

६. सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेको व्यक्तिको मृत्यु दर्ता गर्दा भत्ता प्राप्त गर्ने लाभग्राही विवरणवाट उक्त लाभग्राहीको लगत कट्टा गरेपछिमात्र मृत्य दर्ता प्रमाणपत्र जारी गर्ने।

सावित्रा वस्नेत
शाखा अधिकृत

बोधार्थः गृह मन्त्रालय, शान्ती सुरक्षा तथा अपराध नियन्त्रण शाखा।

Email: info@donidcr.gov.np, nid@donidcr.gov.np, ss.donicr@gmail.com,
vital@donidcr.gov.np, URL:www.donidcr.gov.np